# अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/११/१२**

यस अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय मातहतका कार्यालयहरुमा देहाय अनुसारको पदमा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि -२०८०, स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ र सेवा इकाईको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम खुल्ला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्तिको लागि निम्न बमोजिम योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका (तोकिएको पदमा बाहेक) इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र माग बमोजिमको विवरण सहित अजिरकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**देहाय**

**१. माग गरिएका पदहरु**

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक न्यूनतम योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १६/२०८१-०८२ | ल्याब टेक्निसीयन | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब टेक्निसीयन कोर्ष उत्तीर्ण भएको र सम्बन्धित परिषद्मा दर्ता भएको । | भ.आ.अ.को आन्तिरिक श्रोत (गा.पा.को निर्णय बमोजिम) |
| २ | १७/२०८१-०८२ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | १ | मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएस वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीण र पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण भएको | सर्शत र आन्तिरिक श्रोततर्फको |
| ३ | १८/२०८१-०८२ | रोजगार सहायक | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण भएको र आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिनाको तालिम लिएको, | सशंत श्रोततर्फको |
| ४ | १९/२०८१-०८२ | एम. आई. एस अपरेटर (MIS) | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ मा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा प्रविणता प्रमाणपत्र तह सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको । | संघीय सरकार र गा.पा.को साझेदारी |

**२. दरखास्त दिने स्थान :** अजिरकोट गाउँ कार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा ।

**३. दरखास्त दिने अन्तिम मिति :** २०८१/११/२६ गते कार्यालय समयसम्म ।

**४. आवेदन दस्तुर :- पाँची तह :-** रु ६००/- (रु. छ सय मात्र),

**५. छनौटको किसिम : सबै पदको लागि-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता ।

**६. आवेदनसंग संलग्न गर्नु पर्ने कागजातहरु (सबै पदको लागि) :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपीहरु

क. नागरिकता

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग. चारित्रिक प्रमाणपत्र

घ. काम संग सम्बन्धित अनुभव भए सोको कागजात

ङ. ३ प्रति पासपोर्ट साइजको फोटो

**७. रोजगार सहायकको हकमा:** योग्यता पुगेका १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेका

**८. ल्याब टेक्निसियनको हकमा :** योग्यता पुगेका १८ वर्ष पुरा भई ४४ वर्ष ननाघेका

**९. सेवा सुविधा तथा अन्य :** नेपाल सरकारलेतोकेको सेवा सुविधा सरह वा गाउँपालिकाको सम्झौता बमोजिम

**१०. आवेदनको ढाँचा तथा अन्य जानकारी :** अजिरकोट गाउँपालिकाको वेबसाइट www.ajirkotmun.gov.np र अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**११. परिक्षा मिति:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन संगै तोकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# अजिरकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# भच्चेक, गोरखा

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*( प्रथम पटक प्रकाशित मिति : २०८१/११/१२ )*

अजिरकोट गाउँपालिकाको लागि देहायको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा राजश्व बुझाएको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहाय**

**१. माग गरिएका पदहरु**

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर : |
|---|---|---|---|---|---|
| ४ | २०/२०८१-०८२ | कार्यालय सहयोगी | श्रेणी विहिन | २ | रु .३०० |

**२. आवश्यक न्यूनतम योग्यता :**

- कम्तीमा आठ (८) कक्षा उत्तीर्ण गरेको ।
- दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

**३. दरखास्त दिने स्थान :** अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।

**४. दरखास्त दिने अन्तिम मिति :** २०८१।११।२६ गते कार्यालय समय भित्र ।

**५. छनौट किसिम :** अन्तवार्ता ।

**६. कार्यक्षेत्र :** अजिरकोट गाउँपालिका र मातहतको कार्यालय ।

**७. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

**आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु :**

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क, चारित्रिक प्रमाणपत्र, न्यूनतम शैशिक्षक योग्ता भन्दा माथिको शैक्षिक योग्यता भएमा सोको लब्धाङ्क ।
- कार्य अनुभव भए सोको प्रमाणपत्र ।
- ३ प्रति पासपोर्ट साईजको फोटो ।
- शुल्क तिरेको रसिद ।

**८. करार अवधि :** करार सम्झौता बमोजिम ।

**९. सेवा सुविधा :** गाउँपालिकाको निर्णय बमोजिम ।

**१०.आवेदनको ढाँचा तथा अन्य जानकारी :** अजिरकोट गाउँपालिकाको वेबसाइट www.ajirkotmun.gov.np र अजिरकोट गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**११. परिक्षा मिति:** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन संगै तोकिनेछ ।

*(नोट : सवारी चालक अनुमतिपत्र प्राप्त गरेको, कम्प्युट सम्बन्धी तालिम प्राप्त गरेको र अनुभवी लाई विशेष प्राथमिकता दिईनेछ ।)*

२०८१/११/१२

रचना मुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत